

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस ७ गते आइतबार ❑ 22 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## राजनीतिक अस्थिरताबाट मुलुकलाई जोगाउन वर्तमान सरकार गठन भएको हो: सञ्चारमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा ६ पुस

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले राजनीतिक अस्थिरताबाट मुलुकलाई जोगाउन नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) को साझेदारीमा वर्तमान सरकार गठन स्पष्ट गर्नुभएको छ।

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका-६ स्थित बराह माध्यमिक विद्यालयको ५७औं वार्षिकोत्सव एवं प्राविधिक शिक्षा रजत वर्ष समारोहको आज उद्घाटन गर्दै उहाँले बारम्बार सरकार परिवर्तन हुन थालेपछि त्यसप्रति जनतामा नैराश्यता बढेको बताउनुभयो । उहाँले देशमा व्यवस्था परिवर्तन भए पनि जनताका विकासका चाहना पूरा नभएकाले वर्तमान सरकार जनअपेक्षा पूरा गर्ने दृढताका साथ कार्यक्षेत्रमा क्रियाशील छ भन्नुभयो । सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले विकास-निर्माणमा बाधक बनेका नीति, ऐन कानुन परिमार्जन गरेर सरकार अघि बढ्ने बताउनुभयो ।

सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न नसक्दा विद्यार्थी र अभिभावकको आकर्षण संस्थागत विद्यालयतर्फ बढेको बताउँदै मन्त्री गुरुङले भन्नुभयो, "सरकारले एउटा हातमा शैक्षिक प्रमाणपत्र र अर्को हातमा सीप प्रदान गरी व्यावसायिक बनाउने नयाँ शिक्षा नीति ल्याउने सोच बनाएको छ ।" सरकारी खर्चअनुसार शैक्षिक गुणस्तर कायम नहुने परिपाटीको अन्त्य हुनुपर्नेमा जोड दिँदै उहाँले त्यसका लागि शिक्षक, अभिभावक र विद्यार्थी लाग्नुपर्ने बताउनुभयो । मन्त्री गुरुङले विद्यालय परिसरमा निर्मित जग्गादाताको स्तम्भ र प्राविधिक (भेटेरिनरी) सञ्चालनको रजत वर्ष शिलालेखको अनावरण पनि गर्नुभएको थियो । साथै उहाँले विद्यालयका सहयोगदाता, पूर्वविद्यार्थी, उत्कृष्ट कर्मचारीलाई सम्मान गर्नुभयो । माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मीनराज गुरुङले सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढाउन स्तरीय शिक्षामा जोड दिनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आशमान रोकायाको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षाप्रेमी टङ्कनाथ शर्मा, विद्यालयका प्रधानाध्यापक सुरेन्द्र गुरुङलगायत वक्ताले गण्डकी क्षेत्रको शैक्षिक उन्नयनमा बराह माविले निर्वाह गरेको योगदानको सराहना गर्नुभयो । त्यस अवसरमा विद्यार्थीले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

## पोखराको आकाशमा १५ देशका १७ वटा हर्ट बेलुन उड्ने

**पोखरापत्र संवाददाता**
पोखरा ६ पुस



पोखराको आकाशमा एकै पटकमा १५ देशका १७ वटा हर्ट बेलुन उड्ने भएका छन् ।

पोखरामा यही पुष ९ गतेदेखि सुरु हुने बिवाईडी अन्तर्राष्ट्रिय बेलुन महोत्सवमा १५ देशका १७ वटा हर्ट एयर बेलुन उड्ने भएको शनिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो ।

पर्यटनको राजधानि पोखरामा पोखरा पर्यटन परिषद र बेलुन नेपाल प्रा.लि. को संयुक्त आयोजनामा यही पौष ०९ देखि १७ गते (डिसेम्बर २४ देखि जनवरी १ तारिख) सम्म आयोजना हुने उक्त महोत्सवमा १५ देशका बेलुन पाइलटहरुको सहभागिता हुने भएको बेलुन नेपाल प्रा.लि.का अध्यक्ष बिक्रम वाडेले बताउनु भयो । उहाँका अनुसार हालसम्म करिब १० देशका बेलुन पाइलटहरु पोखरा आईसक्नु भएको छ भने बाँकी केही देशका भोलिसम्म आईपुग्ने उहाँले जनाउनु भयो । सुन्दर नगरी पोखरामा साहसिक खेलकुदको माध्यमबाट पर्यटन प्रबर्द्धन गर्ने उद्धेश्यले आयोजना हुने महोत्सवमा नेपाल सहित अमेरिका, बेलायत, स्पेन, लिथुआनिया, थाइल्याण्ड, भियतनाम, फ्रान्स, नेदरल्याण्ड, कोरिया, जापान, मलेसिया, इटली, ब्राजिल, अष्ट्रेलियन देशका बेलुन सहित बेलुन पाइलटहरुको सहभागि हुने भएको छ । नेपालमा पहिलो पटक आयोजना हुन लागेको उक्त महोत्सवको स्थानिय संयोजकको रुपमा फेवा क्लब रहेको छ भने महोत्सव पोखरा २३ र २४ मा पर्ने फेवाफाँटमा हुने भएको छ ।

क्रिसमस र अंग्रेजी नयाँ वर्षको अवसर पारेर हुन लागेको महोत्सवमा नेपालका चर्चीत राष्टिय देखि स्थानिय कलाकारको प्रस्तुती हुने भएको पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारीले बताउनु भयो । महोत्सव अवधिमा बिहान ६:०० बजे देखि ९:०० बजेसम्म र बेलुका ४:०० बजे देखि ०६:०० बजे सम्म विभिन्न देशको प्रतिनिधित्व गर्दै बेलुन पाइलटहरूले हट एयर बेलुनको उडान गर्नुहुने छ भने बेलुका ७:०० बजे देखि ०८:०० बजे सम्म बेलुन नाईट ग्लोः गरिने भएको प्रतियोगिताका संयोजक सविन मर्हजनले बताउनु भयो । उक्त महोत्सवमा डिहिकोपाटनवाट निशुल्क सटल बसको व्यबस्था गरिएको उहाँले जनाउनु भयो । महोत्सवमा हरेक दिन सांगीतिक कार्यक्रम, फुड स्टल, मेला र विभिन्न खेल समेत हुने भएको छ । महोत्सवमा राष्ट्रिय कलाकारहरू दीपक बज्राचार्य, राजु लामा, एलिना चौहान, कुमार सागर, कबिता नेपाली, काटुन क्रुज, बेली नृत्य लगायत थप स्थानीय कलाकार र व्यान्डले सांगीतिक प्रस्तुति दिने भएको परिषदका अध्यक्ष पहारीले जनाउनु भयो । महोत्सवको विशेष आकर्षणको रुपमा सूर्योदय र सूर्यास्त बेलुन उडानः पोखराको फेवाताल, अन्नपूर्ण हिमाल र वरिपरिका गाउँहरूको सुन्दर दृश्य, नाइट बेलुन ग्लोः बेलुनहरू रातको आकाशमा झिलिमिली गर्दै, आगो खेल, क्रिसमस इभ, काठमाण्डौंको कुमारी नृत्य र वर्ज योगीनी लगायतका कार्यकम प्रस्तुतः हुने भएको आयोजकले जनाएको छ । महोत्सवमा डिसेम्बर २४ देखि २६ तारिकसम्म विभिन्न व्याण्ड सहितको प्रस्तुती रहने भएको छ भने महोत्सवमा २७ देखि ३१ तरिखसम्म बेलुन उडान तथा विभिन्न सास्कृतिक कार्यक्रम हुने भएको छा जनवरी १ तारिखमा सांगितीक कार्यक्रम प्रस्तुती सहित कार्यक्रम समापन हुनेछ । साथै महोत्सवमा विभिन्न खानाका परिकार सहितका अन्य केही स्टलहरु समेत रहने भएका छन् । बि. वाई.डी. को मुख्यः प्रायोजनमा हुने महोत्वसलाई सफल पार्न पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, उघोग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश सरकार प्रबर्द् धकमा रहेका छन । क्रिजम्याटिक ईन्टरटेन्मेन्ट महोत्सबको प्रमुख ईभेन्ट व्यवस्थापकको रुपमा रहेको छ भने परिचय एड्भरटाइजिङ, द क्लिप्स, वर्ल्ड लिंक, यति एयरलाइन्स, साग्रिला फेट कुरियर र हस्पिटल पार्टनरमा चरक मेमोरियल हस्पिटल, यातायात पार्टनरमा नेपाल पर्यटक यातायात व्यवसायी सधं गण्डकी प्रदेश, गिता एभिएसन, सालिको ईन्स्युरेन्स, एआर डाईनाष्टिक, कुमारी बैंक, पठाओ, गल्ली म्याप, खल्ती, पोखरा अल्ट्रालाईट लगायतका संघ संस्थाको सहयोग रहने छ । यसैबिच, उद्घाटनको अवसरमा पुष ९ गते पोखराको भकुण्डेदेखि विभिन्न जनजातिको भेषभुषा सहितको झाँकी समेत प्रर्दशन हुने भएको परिषदका महासचिव जीवनराम सापकोटाले जनाउनु भयो ।

पोखरामा सन २०१८ देखि व्यवसाँयीक रुपमा हट एयर बेलुन संचालन हुदै आएको छ । यस महोत्सवको ब्रान्ड एम्बासडरः राजेश हमाल र प्रियंका कार्की रहनु भएको छ । पोखरा र यस आसपासका सम्भावित विभिन्न साहासिक खेलकुदको पहिचान सहित पोखरालाई साँच्चिकै साहसिक खेलकुदको गन्तव्य बनाउन यस कार्यक्रमले थप टेवा पुग्ने परिषदका अध्यक्ष पहारीले बताउनु भयो । गत बर्ष थाइल्याण्डमा भएको बेलुन फेष्टिवलबाट प्रभावित भई हाल पोखरामा पहिलो पटक हुन लागेको हो । यस बर्ष राम्रो भएमा अर्को बर्ष यसले निरन्तरता पाउने अध्यक्ष वाडेले दाबी गर्नु भएको छ ।

गण्डकी प्रदेशका प्रेस रजिष्टार बिमला भण्डारीले उक्त कार्यक्रमले पोखराको सौन्दर्यतालाई थप्ने बताउनु भयो । पोखरा अन्तराष्टिय विमानथल कार्यालयका प्रबन्धक योगेन्द्र कुवंरले पोखरामा हुने बेलन फेष्टिभललाई सफलता पूर्वक सम्पन्न गर्न आफुहरुले प्राविधिक हिसावबाट उडानको सुरक्षा व्यबस्था मिलाएको जनाउनु भयो । पोखराको पाँमे, चंखपुर लगायतमा क्षेत्रमा ५ हजार मिटरको उचाईसम्म बेलुन उडाउन सकिने भएको छ । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालले चिन र भारतबाट घुम्न निस्कने पर्यटकहरुको १ प्रतिशत मात्र नेपाल ल्याउन सके नेपालको पर्यटन विकास हुने दाबी गर्नु भयो ।


## चिसो मौसममा देखिने स्वास्थ्य समस्या

चिसो तथा शीतलहरको समयमा,

- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
- यी रोगले बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरू बढी प्रभावित हुन्छन् ।
- उनीहरूको विशेष ख्याल राखौं ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाउँ।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## एनपिएलको उपाधि जनकपुर बोल्ट्सलाई

**पोखरापत्र संवाददाता**
पोखरा ६ पुस




सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को पहिलो संस्करणको उपाधि जनकपुर बोल्ट्सले जितेको छ । कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा सुदूरपश्चिम रोयल्सलाई पाँच विकेटले पराजित गर्दै जनकपुर बोल्ट्सले उपाधि चुमेको हो ।

जितका लागि सुदूरपश्चिम रोयल्सले दिएको एक सय ८५ रनको लक्ष्य जनकपुर बोल्ट्सले १९ दशमलव दुई ओभरमा पाँच विकेटको क्षतिमा पूरा गर्यो ।


जनकपुरलाई उपाधि दिलाउने क्रममा ओपनरद्वय लाहिरु मिलान्था र आशिफ शेखले पहिलो विकेटका लागि महत्वपूर्ण ७३ रनको साझेदारी गरे । जनकपुरको जितमा मिलान्थाले आक्रामक अर्धशतकीय पारी खेले । उनले ४९ बल खेल्ने क्रममा चार छक्का र नौ चौकाको सहयोगमा ८७ रन बनाए । आशिफ शेखले १९ बल खेल्ने क्रममा चार चौका र दुई छक्कासहित ३३ रनको योगदान दिए । हर्ष थाकरले २४ बल खेल्दै दुई छक्काको साहरामा ३० रन बनाए । साथै मोहम्मद मोहसिनले नौ र जिमी निशमले चार, आकाश त्रिपाठीले दुई र मयन यादवले दुई रन बनाए । सुदूरपश्चिमका लागि सैफ अलि जेब, इशान पाण्डे, दीपेन्द्र सिंह ऐरी र स्कट कुग्गेलेइनले समान एक/एक विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा १८४ रन बनाएको थियो । उसका लागि ओपनरद्वय सैफ अलि जेब र बिनोद भण्डारीले शानदार सुरुआत दिलाए । उनीहरुले पहिलो विकेटका लागि एक सय १७ रनको साझेदारी गरे । सैफ अलि जेब अर्धशतकीय पारी खेले । उनले ४३ बल खेल्ने क्रममा आठ चौका र दुई छक्काको साहरामा ६९ रन बनाए । साथै बिनोद भण्डारीले ३१ बल सामना गर्दै एक चौका र तीन छक्कासहित ४१ रन बटुले । साथै ब्राण्डन म्याक मुलेन र हर्मित सिंहले समान १४ रन बनाए भने स्कट कुग्गेलेइनले १३ रन बटुले । अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

जनकपुरका लागि किशोर महतो र मोहम्मद मोहसिनले तीन/तीन विकेट लिए भने जिमी निशम र ललित राजवंशीले एक/एक विकेट लिए ।

पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को उपाधि जित्ने जनकपुर बोल्ट्सले ट्रफिसहित रु एक करोड दश लाख प्राप्त गरेको छ ।

फाइनल खेलपछि आयोजित पुरस्कार वितरण कार्यक्रममा नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड र नेपाल क्रिकेट सङ्घ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्दले संयुक्त रुपमा रु एक करोड दश लाखको चेक जनकपुरका कप्तान तथा खेलाडी आशिफ शेख र अनिल शाहलाई प्रदान गर्नुभएको हो ।

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले उपविजेता टोली सुदूरपश्चिम रोयल्सलाई रु ५१ लाख प्रदान गर्नुभयो । तेस्रो हुने कर्णाली याक्स र चौथो हुने टोली चितवन राइनोजले क्रमशः रु २५ लाख र १५ लाख प्राप्त गरेका छन् । तेस्रो र चौथो हुने टोलीलाई गृहमन्त्री रमेश लेखक र मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले चेक हस्तारण गर्नुभएको हो ।

# प्रदीप मेमोरियल बास्केटबलमा पुरुषतर्फ छोम्रोङ र महिलातर्फ ताङतिङ च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा ६ पुस

कास्कीको अन्नपूर्ण गाउँपालिका ११ छोम्रोङका स्वर्गीय प्रदीप गुरुङको स्मृतिमा सम्पन्न पहिलो संस्करणको खुल्ला पुरुष तथा महिला बास्केटबल प्रतियोगितामा पुरुषतर्फ छोम्रोङ बास्केटबल समूह च्याम्पियन बनेको छ।

पोखरा महानगरपालिका-१० रामघाटस्थित पुन समाजको बास्केटबल कोर्टमा आज भएको फाइनल खेलमा रामघाटलाई ६५-४८ को अंकसहित पराजित गर्दै छोम्रोङ च्याम्पियन बनेको हो।

च्याम्पियन बनेको छोम्रोङले नगद रु ८० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो। यस्तै उपविजेता बनेको रामघाटले नगद रु ५० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्यो। पुरुषतर्फ छोम्रोङका बल्कु पुन एमभिपी घोषित हुँदै पुरस्कृत भए । यस्तै सोही टिमकै नुकेश जुग्जाली बेस्ट अफेन्सिभको अवार्डबाट पुरस्कृत भए। रामघाटका सुजन महर्जन उदीयमान खेलाडी र




सोही टिमकै आशिष बस्नेत बेस्ट डिफेन्सिभका रुपमा पुरस्कृत बने। यसैगरी महिलातार्फ स्पोर्टस् ग्राण्डी काठमाडौंलाई ३४-२३ अंकसहित पराजित गर्दै ताङतिङले उपाधि जित्यो।

उपाधि जितेको ताङतिङलाई नगद रु २० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको कार्यक्रम संयोजक राजकुमार गुरुङले जानकारी दिए।

उनका अनुसार उपविजेता बनेको काठमाडौंले नगद रु १० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्यो । विधागततर्फ ताङतिङका गरिशा सिलवाल एमभिपी खेलाडीका रुपमा पुरस्कृत बनिन् । यस्तै सोही टिमकै सोनी वाइबा बेस्ट डिफेन्सिभ घोषित भइन्। यसैगरी काठमाडौंकी सुहाना मल्ल उदीयमान खेलाडी र रिन्छेन मोक्तान बेस्ट अफेन्सिभका रुपमा पुरस्कृत भइन् । विजेता तथा उपविजेता टोलीका खेलाडीहरुलाई समापन समारोहका प्रमुख अतिथिसमेत रहेका गण्डकी प्रदेश सभा सदस्य प्रकाश बराल, पत्रकार राजबहादुर गुरुङ, पुरस्कारदाताहरु, लगायतले पुरस्कार वितरण गरेका थिए।

गत ३ गतेदेखि सञ्चालनमा रहेको सो प्रतियोगितामा पुरुषतर्फ कुल १७ र महिलातर्फ ६ टिमको सहभागिता रहेको थियो।

# जोगाइँदै रैथाने बाली

**पोखरापत्र संवाददाता**
पोखरा ६ पुस

रैथाने बाली संरक्षणका लागि पोखरा महानगरपालिकाले किसान लक्षित प्रोत्साहनका कार्यक्रम सञ्चालन गरेको छ।

उन्नत र वर्णशङ्कर जातका खाद्य बालीको व्यापक विस्तार भइरहेका बेला रैथाने बाली जोगाउन महानगर लागिपरेको हो।

पोखराको पहिचान बोकेको जेठोबुढो धानसहित कोदो, फापर, कागुनो, उवालगायत रैथानी बालीको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको महानगरको कृषि महाशाखाले जनाएको छ। महाशाखा प्रमुख मनोहर कडरियाले रैथाने बालीको खेती गर्ने किसानलाई बीउ वितरण, जग्गा तयारीलगायतमा ५० प्रतिशतसम्म अनुदान दिइएको बताउनुभयो। विशेष गरी महानगरभित्रका ग्रामीण वडाका किसान रैथाने खेतीतिर आकर्षित भएको उहाँको भनाइ छ। “पछिल्लो समय रैथाने बालीको माग पनि बढ्दो छ, स्वस्थ र पोषणयुक्त हुने भएकाले सहरिया उपभोक्तामाझ पनि पुरानो खाद्यबाली लोकप्रिय छ”, महाशाखा प्रमुख कडरियाले भन्नुभयो, “रैथाने जातका बाली लोप हुने अवस्था देखेपछि महानगरले संरक्षणको कार्यक्रम ल्याएको हो।” किसानलाई रैथाने बालीबाट विभिन्न परिकार बनाउने तालिमसमेत प्रदान गरिएको उहाँले बताउनुभयो। परम्परागत जातका खाद्यबाली सुक्खा ठाउँमा पनि हुने भएकाले पछिल्लो समय गाउँघरमा बढिरहेको जग्गा बाँझिने क्रमलाई घटाउन उक्त कार्यक्रमबाट मद्दत पुग्ने विश्वास लिइएको महाशाखा प्रमुख कडरियाले बताउनुभयो। गोरु पाल्ने किसानलाई पनि अनुदान दिन सुरु गरिएको उहाँले जानकारी दिनुभयो। उहाँले रैथाने खेती संरक्षण र प्रवर्द्धनलाई महानगरको वार्षिक बजेट तथा कार्यक्रममा समेटिएको बताउनुभयो। रैथाने जातको खेती प्रवर्द्धनका लागि महानगरले विभिन्न मेला/महोत्सव र प्रदर्शनीमार्फत पनि किसान र उपभोक्तालाई आकर्षित गर्दै आएको छ। महानगरले उवा, कोदोलगायत बालीको न्यूनतम समर्थन मूल्य तोकेर उत्पादनको बजारीकरणमा टेवा पुर्‍याउँदै आएको छ। पोखरेली जेठोबुढो धानमा बीउ अनुदानदेखि प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्दै अएको महानगरले हालै किसानलाई बजारको सुनिश्चिता दिलाएको थियो।

महानगरपालिका र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबीच कृषिउपज खरिदसम्बन्धी सम्झौतापछि उक्त कम्पनीले किसानबाट जेठोबुठो बुढो धान खरिद गर्ने सुरु गरेको थियो। उक्त सम्झौतामा कम्पनीले महानगर क्षेत्रका कृषकले उत्पादन गरेको जेठोबुढो धान खरिद समितिले तोकेका मूल्यमा खरिद गर्नुपर्ने व्यवस्था छ। “किसानले बढी मुनाफा लिएर आफ्नै हिसाबले बेच्न पनि सक्नुहुन्छ, न्यूनतम समर्थन मूल्यमा खाद्य कम्पनीलाई बेच्न चाहानुभयो भने कम्पनीले जुनसुकै बेला पनि खरिद गर्छ”, महाशाखा प्रमुख कडरियाले भन्नुभयो। उक्त धानको न्यूनतम समर्थत मूल्य प्रतिक्विन्टल रु नौ हजार पाँच सय तोकिएको छ।

महानगरपालिकाले वास्तविक किसान पहिचान र खरिद समितिले तोकेको परिमाणमा धान खरिद गर्न किसानलाई उपलब्ध गराउने जनाएको। आउँदो असार मसान्तसम्मका लागि गरिएको उक्त सम्झौतामा जेठोबुढोसँगै आवश्यकताअनुसार अन्य स्थानीय कृषिउपज पनि किसानबाट खरिद गर्न सकिने उल्लेख छ। किसानले आफ्नो खेतमा उत्पादन भएको धान कम्पनीको पृथ्वीचोक र बिरौटामा रहेको गोदामसम्म ढुवानी गर्नुपर्ने जनाइएको छ । उक्त सम्झौताले स्वादिष्ट र गुणकारी पोखरेली जेठोबुढो धानको पोखरा बाहिर पनि बजार प्रवर्द्धन भएको छ।

यसअघि महानगरले जेठोबुढो धानलाई प्याकेजिङ र ब्राण्डिङ गरी बजारीकरणमा सहयोग पुर्‍याउँदै आएको थियो । महानगरले जेठोबुढोसहित अन्य ३५ प्रकारका कृषिउपजको समर्थन मूल्य तोकेर महानगरभित्रका किसानलाई न्यूनतम मुनाफाको मूल्य सुनिश्चित गरेको छ । महानगरले विसं २०७६ देखि पाँच रोपनीभन्दा बढी क्षेत्रफलमा जेठोबुढो धान खेती गर्ने किसानलाई प्रोत्साहन रकम उपलब्ध गराउँदै आएको थियो । वार्षिक दश टनसम्म उत्पादन गर्ने किसानलाई ५० प्रतिशत अनुदानमा जेठोबुढोको उन्नत बीउ प्रदान गर्दै आएको छ। महानगरको तथ्याङ्कअनुसार पोखरामा करिब ११ हजार दुई सय हेक्टर क्षेत्रफलमा धान बाली लगाउने गरिएकामा ४० प्रतिशत जति जेठोबुढोले ओगट्ने गरेको छ।

# माघ १२ गते देखि पोखरामा टाईगर कप भलिवल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा ६ पुस

पाचौं सस्करणको टाईगर कप राष्ट्रिय/अन्तराष्ट्रिय स्तरको क्लव स्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगिता २०८१ आउँदो माघ दोश्रो हप्तामा पोखरामा हुने भएको छ।

टाइगर ग्रुप अफ पोखरा नेपालको शनिबार पोखरामा सम्पन्न भएको तेस्रो साधारण सभाको अवसरमा बोल्दै संस्थाका अध्यक्ष नारायण प्रसाद शर्माले उक्त प्रतियोगिता माघ १२ देखि १९ गतेसम्म पोखरा रंगशालामा हुने भएको बताउनु भएको हो। पोखरामा खेल पर्यटनको प्रबर्द्धन गर्दै खेलाडी उतपादन गर्ने उद्धेश्यले उक्त प्रतियोगिता यस बर्ष माघमा हुने आन्तरिक तयारी सुरु भएको उहाँले जनाउनु भयो। पोखरा रंगशालामा




सम्पन्न भएको तेस्रो साधारण सभाको उद्घाटन गर्दै गण्डकी प्रदेशका सामाजिक बिकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले पोखरामा धेरै खेलको अथाह सम्भावना भएको बताउनु भयो।

टाईगर कपको लाई यस बर्ष मन्त्रालयले १० लाख रुपैया रातो किताबमै उल्लेख गरेको बताउदै उहाँले खेलाडीको उर्भर भूमिमा यस्ता प्रतियोगिताले खेलाडी उत्पादनमा थप मद्धत पुग्ने विश्वास व्यक्त गर्नु भयो। पोखरामा वातावरण, मौसम, खेलकुदको भावना बुझ्ने खेलकुदकर्मी भएकोले पोखरामा खेलकुदको सम्भावना रहेको मन्त्री थापाको दाबी थियो। संस्थाका महासचिव एवं गण्डकी प्रदेशमा सांसद प्रकाश बरालले संस्थाले समाजमा उदाहरणिय कार्य गर्दै आएकोले संस्थाको साख जोगाउने गरी आगामी दिनमा उत्कृष्ट ढंगले प्रतियोगिता आयोजना गर्नुपर्ने बताउनु भयो। प्रदेश सांसद लिल बहादुर थापाले खेलको जस्तो नियम नेपाली राजनीतिमा हुनुपर्ने बताउनु भयो। पूर्व प्रदेश सांसद राजिव पहारीले पोखराको फेवाताल फेवा पोखरीमा परिणत हुदै गएको बताउनु भयो। संस्थाले १५ वटा बैठक बसि विभिन्न सामाजिक कार्य गर्दै आएको सचिव डि.बी.नेपालीले बताउनु भयो। दीपक कार्कीको संयोजकत्वमा सम्पन्न भएको चौथो टाइगर कप २०८० बाट १८ लाख ३७ हजार ४ सय ६४ रुपैया बचत गर्न सफल भएको कोषाध्यक्ष हरि कुमार श्रेष्ठले बताउनु भयो।

# सामाजिक एकता समृद्ध राष्ट्रको आधार: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा ६ पुस

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले सामाजिक एकता समृद्ध राष्ट्रको आधार भएको बताउनुभएको छ। सामाजिक संघसंस्थाले सङ्गठित नागरिकको भूमिका निर्वाह गर्ने हुँदा मुलुक निर्माणमा सामाजिक संघसंस्था महत्वपूर्ण रहेको उहाँको भनाई छ।

धादिङ-पोखरा सम्पर्क समाजको कार्यक्रममा प्रमुख अतिथि भट्टले कुशल नेतृत्व, समयसापेक्ष कार्ययोजना, भावी कार्यक्रम र रणनीतिको निर्माणले समाजिक संस्था प्रभावकारी रूपमा अघि बढ्ने उल्लेख गर्नुभयो। ‘संस्थालाई कानुन बमोजिम सञ्चालन गरी समाजको आचारसंहितालाई अंगिकार गर्दै सामाजिक मूल्य मान्यतालाई अनुशासितरुपमा आत्मसात गर्दै उद्देश्य अनुरुप अघि बढ्नुपर्ने हुन्छ। यसरी नै सामूहिक एकता र प्रयासले समाज र राष्ट्रको उत्थान सम्भव छ।’ प्रदेश प्रमुख भट्टले भन्नुभयो। छिमेकी बागमती प्रदेशको धादिङ जिल्लादेखि




पोखरामा आएर बसोबास गर्ने करीब ४० हजार धादिङबासीसँग जोडिएको यो अभिभावकीय संस्थाले सामाजिक क्षेत्रमा खेलेको भूमिका प्रशंसनीय रहेको उहाँले बताउनुभयो।

‘धादिङ जिल्ला विशेषगरी कृषिबाट परिचित रहेको छ। यहाँसम्म धादिङका कृषि उब्जनी, तरकारी आइपुग्छन्। पोखराको भान्साभान्सासम्म धादिङबासीको मेहनत पुगेको छ।’ उहाँले भन्नुभयो- ‘यहाँ मजदुरदेखि माथिल्लो तहसम्म धादिङबासीले सेवा गरिरहेको पाएको छु। अन्तर जिल्ला समाजमध्ये पहिले स्थापित धादिङ पोखरा समाज आफ्नो सामाजिक कार्यकै कारण यहाँको अग्रणी समाज बन्न सकारात्मक सहयोग पुगेको हुनुपर्छ।’

धादिङका विभिन्न ७ वटा विद्यालयमा अक्षयकोष स्थापना गरिसकेको समाजले नियमित रुपमा रक्तदान कार्यक्रम, भित्तेपात्रो प्रकाशन, शुभकामना आदानप्रदान, ज्येष्ठ नागरिक सम्मान, वृद्धाश्रममा सहयोग प्रदान लगायतका कार्यक्रम गर्दै आएको जानकारी पाउँदा खुशी लागेको बताउनुभयो।

उहाँले भन्नुभयो - ‘समाजका सदस्यहरुका परिवारमा जन्म, विवाहदेखि मृत्यु संस्कारसम्मको आपसी मिलापले जन्मस्थानबाट टाढा हुँदा पनि छरछिमेक सँगै भएको अनुभूति पक्कै भएको हुनपर्दछ। दुर्घटनामा परेका तथा गम्भिर बिरामी परेका सदस्यहरुलाई अस्पतालमा स्वास्थ्य उपचारमा छुटको पहलदेखि आर्थिक संकलनमा पनि समाज जुट्दै आएको पाएँ। सुख र दुःखमा सँगसँगै जिल्लाबासी अघि बढ्नु खुशीको विषय हो।’ समाजको उत्कृष्ट कार्यक्रमकै कारण रेडक्रस सोसाइटीबाट तीनपटकसम्म सम्मानित भइसकेको हुँदा समाज यस्तै सामाजिक कार्यमा अग्रसर बन्दै अघि बढ्ने विश्वास उहाँले व्यक्त गर्नुभयो।

‘घर छाडेपछिको बसाई सहज र अपेक्षा गरेभैं हुँदैन। टाढाको रहनसहन, दुःख पीडा, सान्हो गान्होको केही न केही अनुभव र अनुभूति हरेकलाई हुने गर्दछ। सामाजिकरणका लागि निकटसँग संगत र सम्पर्कमा रहनुपर्छ।’ उहाँले भन्नुभयो - ‘परको ठाउँमा आफन्त परिवारको दर्जा स्वरुप सहायक सिद्ध हुने उद्देश्यले नै यसरी संस्थामा तपाईंहरू एकताबद्ध हुनुभएको भन्ने लाग्दछ। जीवनलाई सुखद र सरल अनुभूति गर्न आपसी मेलमिलापले सघाउ पुर्‍याउँदछ।’


## Embassy of India
## Pension Paying Office
## Rambazar, Pokhara (Nepal)

## VACANCY ANNOUNCEMENT

1. Applications are invited from the eligible candidates for the post of Lower Division Clerk in the Embassy of India, Pension Paying Office, Pokhara. The applicants should have following criteria :-

**FOR INDIAN EX-SERVICEMAN**

(a) Maximum age below 40 years.
(b) Minimum Civil Education 12th Class Pass or equivalent.
(c) Application. Bio-Data, NPP, Experience Certificate, Dis charge Book & Medical Fitness Certificate etc.
(d) Professional qualification-Proficiency in MS-Words, Excel, Power Point & Internet.
(e) Work experience in relevant field and good communication skills in English and Nepali.

**FOR OTHERS (CIVIL) PERSON:**

(a) 21 to under 35 Years Age.
(b) Minimum Education Bachelor Pass.
(c) Application, Bio-Data, NPP, Experience Certificate, Character Certificate & Medical Fitness Certificate etc.
(d) Professional qualification -Proficiency in MS-Words, Excel, Power Point & Internet.
(e) Work experience in relevant field and good communication skills in English and Nepali.

3. Interested Candidates should submit their application to O/o the Asst Military Attache (P) & OIC. Pension Paying Office, Embassy of India, Pokhara through e-mail at oicpok.pokhara@mea.gov.in or physical copies drop in the Est Section, PPO Pokhara before 05 Jan 2025 (1700hrs). The envelope contain to application should clearly mention "Application for the post of Lower Division Clerk" at EOI, PPO Pokhara.

4. Only shortlist applicants will be informed for further test and interview via e-mail/phone.

**Contract Numbers: 061-435804**
**061-435805**

**Asst Military Attache (P) &**
**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# शान्ति प्रक्रियालाई नअल्मल्याऊ

शान्ति प्रक्रियाको महत्वपूर्ण अंशका रूपमा रहेको संक्रमणकालीन न्याय प्रक्रिया विगत १८ वर्षदेखि राजनीतिक खिचातानी तथा कोपभाजनमा पर्दै आएको छ । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनको त्रुटिपूर्ण संशोधन र तदनुरूप पदाधिकारी छनोट गर्ने समिति असफल हुनु चरम दलीयकरण र दलीय नेतृत्वको स्वार्थ टकरावले हो । संक्रमणकालीन न्याय प्रक्रिया पुनः अवरुद्ध हुँदा सत्य, न्याय र परिपूरणको अनवरत प्रतीक्षामा रहेका हजारौं/लाखौं द्वन्द्वपीडितलाई चरम निराशातर्फ धकेलेको छ । यसले संक्रमणकालीन न्यायबारे आमरूपमा नै अन्योलको स्थिति सिर्जना गरेको छ ।

द्वन्द्वको कारण पत्ता लगाउने र दुष्परिणामलाई सम्बोधन गरी दिगो शान्तिको वातावरण सुनिश्चित गर्ने इच्छाशक्ति र क्षमता नेपालले राख्छ कि राख्दैन भन्ने सन्दर्भमा अन्तर्राष्ट्रिय तहमा थप संशय उत्पन्न गरेको छ । पटक पटकको असफलताले मुलुकको छवि र विश्वसनीयताको क्षयीकरण हुँदै गएको छ । पटक पटकको असफलताको जिम्मेवारी नेपाल सरकार, सत्तारूढ दल तथा प्रमुख प्रतिपक्ष दल र तिनको नेतृत्वपंक्तिले लिनुपर्दछ । साथै, समग्र संक्रमणकालीन न्याय प्रक्रियाको सफलताको कडी हुन सक्ने पदाधिकारी छनोट प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धी, विश्वसनीय तथा गुणस्तरीय बनाई गुणत्व (मेरिट)का आधारमा सक्षम पदाधिकारी छनोट सुनिश्चित गर्नुपर्दछ । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनले तोके बमोजिम दुवै आयोगमा पदाधिकारी सिफारिश गर्न गठित समितिले दुई महीनाको समय खेर फालेकोछ ।

शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने प्रतिबद्धता जाहेर गरेका प्रमुख दलका मुख्य नेतृत्वले संक्रमणकालीन न्यायप्रति साझा दृष्टिकोण बनाउन नसक्नु र सीमित राजनीतिक स्वार्थका कारण संक्रमणकालीन न्यायप्रति उदासीन बन्नु दुखद हो । "सिफारिश समितिको अक्षमताले शान्ति प्रक्रियालाई दोबाटोमा छोडेर सो प्रक्रिया बिथोल्न खोज्नेहरूलाई ठाउँ दिएको छ । संक्रमणकालीन न्यायको ढिलाइले आमद्वन्द्वपीडित परिवारजनमा थप अविश्वास, निराशा र आक्रोश बढाएको छ ।

कुनै पनि बहानामा संक्रमणकालीन न्याय प्रक्रिया अलमल्याउने, बिथोल्ने र ढिलाइ गर्ने कार्य देशका लागि महंगो हुनेछ । द्वन्द्वका बाँकी घाउहरू पुर्नु हो। कुनै दल विशेषको दृष्टिकोणको आधारमा आयोगमा अर्को राजनीतिक खेल हुनुहुँदैन । दलहरूको स्वार्थ होइन द्वन्द्व प्रभावितहरूको स्वार्थ हेर्नुपर्छ । उनीहरूको न्याय प्राप्ति नै आयोगको केन्द्रमा हुनुपर्छ । त्यसका लागि विज्ञहरूलाई जिम्मेवारी दिँदामात्रै सफलता प्राप्त हुन्छ ।

दल विशेषको विचार बोकेर आयोग पस्नेहरू आफ्नै दलप्रति उत्तरदायी हुन्छन् न कि द्वन्द्व प्रभावित र न्यायप्रति । संक्रमणकालीन न्यायलाई अब पनि गिजोलिरहने र शान्ति प्रक्रियालाई थाँती राख्ने हो भने दीर्घकालमा फेरि अर्को विद्रोहका लागि झिल्को बाँकी रहन्छ । जुन राष्ट्रका लागि घातक हुन्छ । सक्षम ,विज्ञ,र सबैलाई समेट्न सक्नेले सबैले विश्वास गर्न सक्ने पात्रले मात्र दलीय घेरा तोडेर न्याय हेर्न सक्छ । त्यस दिशामा जान प्रेरित गर्नु सबै सरोकारवालाको उद्देश्य हुनुपर्छ । १९ वर्ष देखि शान्ति प्रकृयाको काम पूरा गर्न बाँकी छापीडितले न्याय पाउनका लागि पनि आयोगमा रहने पदाधिकारी विवादमा परेको हुनुहुँदैन । विवादित पात्रलाई राख्न खोज्दा सर्च कमिटी असफल भएकोले अब प्रमुख दलहरूले द्वन्द्वको घाउ विर्साउन सक्ने गरि न्याय दिन सक्ने सक्षम, अनुभवी, योग्य पात्र खोजेर शान्ति प्रकृयाका बाँकी काम पूरा गर्न गम्भीर बन्नु आवश्यक छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मादी–मर्स्याङ्दी करिडोर निर्माण कार्य पुनः सुरु

**पोखरापत्र संवाददाता**
दमौली ६ पुस

मादी-मर्स्याङदी करिडोरअन्तर्गत सिस्नेरी, बिर्ता, टुहुरेपसल, रम्घा हुँदै मान्टेहटिया जोड्ने सडक निर्माण कार्य रोकिएको छ महिनापछि पुनः सुरु गरिएको छ ।

सडक डिभिजन कार्यालय दमौलीका अनुसार निर्माण कार्य अलपत्र बनाई सम्पर्कविहीन रहेका 'कन्ट्याक्टर' लाई सम्पर्कमा ल्याई निर्माण कार्य अघि बढाएको हो । बिर्तादेखि मान्टेहटियासम्म साढे सात किलोमिटर सडक कालोपत्रेका लागि केएस बेवीरमण तेज जेभीले रु २४ करोड ५५ लाख नौ हजार पाँच सय ४८ मा ठेक्का सम्झौता गरेको थियो । उक्त निर्माण कम्पनीले ०८१ असार ३० मा सम्पन्न गर्नेगरी ०७९ असार १६ मा सम्झौता गरेको सडक डिभिजन दमौलीका इन्जिनियर एवं सूचना अधिकारी राजेन्द्र कार्कीले जानकारी दिनुभयो । उक्त करिडोरमा हालसम्म ३५ प्रतिशत भौतिक प्रगति भएको छ ।

सम्पर्कमा आई तुरुन्त काम गर्नु नत्र ठेक्का तोड्नेसम्मको पत्राचार गरेपछि 'कन्ट्याक्टर'ले बिर्ता सडकखण्डबाट कालोपत्रे कार्य अघि बढाइएको छ । 'टायल सेक्सन' गर्दा नबसेपछि कलेस्ती-गजौड सडकखण्डमा अहिले कालोपत्रे कार्य रोकिएको छ", कार्कीले भन्नुभयो, "अहिले टुहुरेपसल क्षेत्रमा संरचनाको कार्य भइरहेको छ ।" मौसमले साथ नदिएकाले चैत महिना लागेपछि मात्रै कलेस्ती-गजौड सडकखण्डमा कालोपत्रे कार्य अघि बढाइने सडक डिभिजन दमौलीले जनाएको छ । उक्त करिडोरअन्तर्गत व्यास नगरपालिकाको बैरेनी, कलेस्ती गजौडे बिर्ता हुँदै भानु नगरपालिकाको १०, ११, १२ र १३ लगायतका वडा जोडिने छ ।

निर्माण कम्पनीको लापर्वाहीका कारण अहिले निर्माण सम्पन्न गर्नुपर्ने समयमा अधुरै रहँदा आमनागरिकले समस्या भोग्नुपरेको भानु नगरपालिकाका नगरप्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिनुभयो । सुगुरेभञ्ज्याङ क्षेत्रमा बनको समस्याका कारण रोकिएको छ भने सुगुरेभञ्ज्याङदेखि यता थानीमाई मन्दिर जाने मार्ग जोड्ने र मान्केहटियासम्मको बीच भागमा पुल निर्माण गरेपनि निर्माण सम्पन्न नहुँदा सास्ती खेप्नुपरेको उहाँले बताउनुभयो । मादी-मर्स्याङ्दी करिडोरअन्तर्गत पाँचसयफाँट-टुहुरेपसल खण्डका विभिन्न खोलामा निर्माणाधीन कल्भर्टमा प्रयोग गरिएको फलमका रडमा खिया लागेर नोक्सान भएकोप्रति स्थानीयवासीले चिन्ता व्यक्त गरेका छन् ।

# रक्तसञ्चार केन्द्र सञ्चालनका लागि २९ लाख सङ्कलन

**पोखरापत्र संवाददाता**
दमौली ६ पुस

नेपाल रेडक्रस सोसाइटी तनहुँ शाखाले सञ्चालन गरेको रक्तसञ्चार केन्द्रको दिगो सञ्चालनका लागि रु २९ लाख सङ्कलन भएको छ । दमौली अस्पताल परिसरमा स्थापना गरिएको रक्तसञ्चार केन्द्रलाई दिगो बनाउन थालिएको अभियान अन्तर्गत हालसम्म रु २९ लाख सङ्कलन भएको हो ।

विसं २०७२ मङ्सिर १२ गते रक्तसञ्चार सेवा केन्द्र स्थापना भएको थियो । हाल दमौली अस्पतालको सहयोगमा मेडिबैंक भएको अस्पतालको गेटमै रक्तसञ्चार केन्द्र सञ्चालनमा रहेको छ । रक्तसञ्चार केन्द्रलाई दिगो र सहज बनाउन रु ५० लाखको अक्षयकोष स्थापना गर्ने उद्देश्यबमोजिम सहयोग अभियान थालिएकामा विभिन्न पालिकाबाट सहयोग प्राप्त भइसकेको र केही पालिकाबाट सहयोगको प्रतिबद्धता आएको रेडक्रस शाखा सभापति प्रा डा कृष्णप्रसाद गौतमले जानकारी दिनुभयो । प्रा डा गौतमका अनुसार रु २१ लाख ५० हजार खातामा जम्मा भइसकेको छ भने रु सात लाख ५० हजारको प्रतिबद्धता प्राप्त भएको छ । गौतमका अनुसार व्यास नगरपालिकाबाट रु पाँच लाख, बन्दीपुर गाउँपालिकाबाट रु पाँच लाख, म्याग्दे गाउँपालिकाबाट रु पाँच लाख, भानु नगरपालिकाबाट रु चार लाख, भिमाद नगरपालिकाबाट रु दुई लाख, घिरिङ गाउँपालिकाबाट रु ५० हजार प्राप्त भइसकेको छ । शुक्लागण्डकी नगरपालिकाबाट रु तीन लाख, देवघाट गाउँपालिकाबाट रु दुई लाख ५० हजार, ऋषिङ गाउँपालिकाबाट रु दुई लाखको प्रतिबद्धता व्यक्त गरिएको जनाइएको छ । रक्तसञ्चार केन्द्र सञ्चालनका लागि अक्षयकोष बनाउने र सोही अक्षयकोषबाट प्राप्त ब्याज रकमबाट केन्द्र सञ्चालनमा सहजता ल्याउन खोजिएको प्रा डा गौतमको भनाइ छ । उहाँले भन्नुभयो, "विसं २०७९ चैत १४ गते समन्वय समितिका प्रमुखको संयोजकत्वमा बसेको बैठकले रक्तसञ्चार केन्द्र सञ्चालनका लागि अक्षयकोष बनाउने र सो अक्षयकोषमा रु ५० लाख जम्मा गर्ने निर्णय गरिएको थियो ।" सोबमोजिम रेडक्रस सोसाइटीले जिल्लाका सबै पालिकालाई आग्रह गरेबमोजिम नौवटा स्थानीय तहबाट सहयोग भएको प्रा डा गौतमले बताउनुभयो । रक्तसञ्चार केन्द्र नियमितरुपमा सञ्चालन, रेखदेख तथा अनुगमनका लागि गौतमको संयोजकत्वमा १४ सदस्यीय समिति गठन गरिएको छ ।

दमौली अस्पतालमा मिर्गौला डायलासिसका बिरामी, सुत्केरी महिला र अन्य घाइतेलाई रगतको माग हुँदा पूर्ति गर्ने उद्देश्यले रक्तसञ्चार केन्द्र स्थापना गरिएको हो । यसैबीच नेपाल रेडक्रस सोसाइटी तनहुँ शाखाले अक्षयकोषमा रकम सहयोग गर्ने पालिकालाई सम्मान गरेको छ । जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, भिमाद नगरपालिकाका प्रमुख दधिराज सुवेदी, म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ, बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापा, देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापा, भानु नगरपालिकाका उपप्रमुख उमा गोतामेलाई सम्मान गर्नुभयो । समन्वय समितिका प्रमुख वाग्लेले रक्तसञ्चार केन्द्रले सदरमुकामस्थित दमौली अस्पतालमा रगतको आवश्यकता पर्ने जो कोहीलाई सहयोग हुने बताउनुभयो । व्यास नगरपालिकाका प्रमुख न्यौपानेले अक्षयकोषमा रकम वृद्धि गर्न सबै निकायबाट सहयोगको आवश्यकता रहेकामा जोड दिनुभयो ।

# दरवाङ–बिम–दिच्याम सडक आयोजना सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी ६ पुस

म्याग्दीको मालिका गाउँपालिकाको दरवाङ-बिम-दिच्याम सडक आयोजना निर्माण सुरू भएको छ ।

गण्डकी प्रदेश सरकारको बजेटमा पूर्वाधार विकास कार्यालय म्याग्दीले ठेक्कामार्फत दरवाङ-बिम-दिच्याम सडकअन्तर्गत खारा-बिम-डाँडागाउँ खण्डमा स्तरोन्नति गर्न आयोजना सञ्चालन गरेको हो । गत असारमा रू ११ करोड १९ लाख ९० हजारमा ठेक्का सम्झौता गरेको सर्वशक्ति महामाया प्रालिले यसै महिनादेखि सडक स्तरोन्नतिका लागि प्रारम्भिक चरणको काम थालेको पूर्वाधार विकास कार्यालय म्याग्दीका प्रमुख विष्णु पौडेलले बताउनुभयो । ठेक्काको अवधि दुई वर्षको रहेको छ । विसं २०६७ मा तत्कालीन जिविस, बिम गाविस र स्थानीयवासीको चन्दा सङ्कलनबाट बिम जोड्ने करिब सात किलोमिटर सडक निर्माण भएको थियो । हाल तीन दशमलव पाँचदेखि पाँच मिटर फराकिलो सडकलाई सात मिटर फराकिलो पार्ने, नाली, पर्खाल निर्माण, ढलान, ग्राभेल र कालोपत्र गरिने भएको छ ।

दरवाङदेखि खारासम्मको सडकमा म्याग्दी नदीमा निर्माणाधीन जलविद्युत् आयोजनाका धेरै तौलका सामान बोक्ने सवारीसाधन गुड्ने र क्षति पुग्ने भएकाले खारादेखि बिम तल्लो गाउँ हुँदै डाँडागाउँसम्मको खण्डमा स्तरोन्नतिको आयोजना सञ्चालन गरिएको म्याग्दी १(२) बाट निर्वाचित रेशमबहादुर जुग्जालीले बताउनभयो ।

जुग्जालीले गत वर्ष गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको जिम्मेवारी सम्हाल्दा रू चार करोड बजेट विनियोजन गरेर बहुवर्षीय ठेक्का लगाउन रू २० करोडको बजेटको स्रोत सुनिश्चितता भएको थियो । चालु आर्थिक वर्षमा भने रू एक करोड ५० लाख मात्र विनियोजन भएको छ । यो सडकबाट मालिका गाउँपालिका-७ को साविक बिम गाविस, धौलागिरि गाउँपालिकाको वडा नं ५ मल्कवाङ र ६ मराङ तथा मालिका गाउँपालिका-६ दिच्यामका बासिन्दा लाभान्वित हुनेछन् । धार्मिक पर्यटकीयस्थल मालिका धुरी, प्रभुचेला, बिम बराह ताल घुम्न तथा दर्शन गर्न जाने पर्यटक एवं भक्तजनलाई सहज हुनेछ । सुन्तला, आलुलगायत कृषिउपज बिक्री, आवतजावतमा सहज बनाउन र बसाइँसराइ कम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको खाराका बासिन्दा बुद्धिबहादुर जुग्जालीले बताउनुभयो ।

# दोश्रो बिएफटी प्रतियागितामा कोशी प्रदेशको वर्चश्व

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर

नेपाल फिजिकल टेनिङ एशोशियसन संघिय समिति पोखराको आयोजनामा पोखरामा शनिबार सम्पन्न भएको दोश्रो बि.एफ.टी. प्रतियागिता २०८१ मा कोशी प्रदेशको वर्चश्व रहेको छ ।

मुख्य गरी कोशी सहित बागमती र गण्डकी प्रदेशका ३० जना खेलाडीहरु बिचको २ किलोमिटर दौडमा कोशी प्रदेशका धावकहरुले उपाधि जित्नु भएको हो । पोखरा रंगशालामा शनिबार भएको प्रतिष्प्रर्धामा वुसन मगर प्रथम हुनु भएको छ । उहाँले निर्धारित दुरी ५ मिनेट ५३:९० सेकेण्डमा पार गर्दै उपाधि सहित नगद १० हजार प्राप्त गर्नु भयो । प्रतियोगितामा बिष्णु कुमार मगर दोश्रो र अर्जुन लिम्बु तेश्रो हुनु भयो । मगरले निर्धारित दुरी ६ मिनेट ०१:३० सेकेण्डमा पार गर्दा तेश्रो हुनु भएको लिम्बुले भने ६ मिनेट ०१:७० सेकेण्डमा उक्त दुरी पार गर्नु भएको हो । विजयी खेलाडीहरुलाई गण्डकी प्रदेशका सामाजिक बिकास, युवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापाले पुरस्कार वितरण गर्नु भएको हो । संस्थाका अध्यक्ष गोपाल राईको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा उपाध्यक्ष शेरबहादुर गुरुङ, कार्यक्रम संयोजक जगबहादुर गुरुङ लगायतले खेलकुदको बारेमा चर्चा गर्नु भएको थियो ।

# जाडोमा यसरी गरौँ छालाको स्याहार

**रासस**
काठमाडौं, ६ मंसिर

पुस लागेसँगै जाडो अत्यधिक बढिसकेको छ । यस याममा जोडबाट जोगिन र छालाको स्याहार गर्न बढी सतर्कता आवश्यक हुन्छ । विज्ञहरूका अनुसार जाडोमा टाउकादेखि पैतालासम्मका सबै अङ्ग चिसोबाट प्रभावित हुन पुग्छन्, त्यसैले आवश्यक सतर्कता नअपनाए समस्या हुनसक्छ ।

निजामती अस्पतालका छाला तथा यौन रोग विशेषज्ञ डा प्रज्जवल पुडासैनीका अनुसार जाडो मौसममा हावामा आद्रता (ह्युमिडिटी) कम हुने भएकाले छाला बढी सुक्खा हुन्छ । "हत्केला तथा पैतालामा तेल निकाल्ने ग्रन्थी (सिवेसियस ग्लान्ड) एकदम कम हुन्छ । त्यसैले छालामा ओस (मोस्चइर) प्रदान गर्ने चिल्लो कम हुँदा छाला सुक्खा हुन्छ", उहाँले भन्नुभयो । जाडो महिनामा विशेष गरी सुक्खा हावाको प्रभावले कपाल सुक्खा हुने, टुट्ने र चायाँ पनि अत्यधिकपर्ने डा पुडासैनीको भनाइ छ । उहाँ भन्नुहुन्छ,"शरीरको प्राकृतिक तेल कम भएर सुक्खापना आउने (जेरोटिक एक्जिमा) ले छाला सुन्निने, चिलाउने, पोल्ने, पानी फोका आउने, बिमिरा आउने, पाक्नेलगायत समस्या आउन सक्छन् । एटोपिक एक्जिमा हुन सक्छ, जसले छालामा एलर्जी गराउने हुन्छ । हात खुट्टाका औंला चिलाउने, सुन्निने समस्या 'चिल्बिलेन्स' पनि बढी देखिन्छ ।" जाडोमा एलर्जीको समस्या पनि बढी देखिने चिकित्सकहरू बताउँछन् । एलर्जी बढ्नुको मुख्य कारण जाडोमा छाला फुट्ने र सङ्क्रमण हुनु हो । डा पुडासैनीले भन्नुभयो, "जाडोमा बढी देखिने 'सोरायसिस' पनि हो, जसलाई कत्ले रोग पनि भनिन्छ । कुहिना, ढाड, घुँडा, कपालमा फुरफुर फुस्रो खालको छालाको पत्र कत्ला निस्किने हुन्छ । जाडोमा डन्डिफोर पनि बढ्छ । छाला सुक्खा भएर प्राकृतिक रूपमा तेल निकाल्ने ग्रन्थी (सिबेसियस ग्लान्ड) झन् सक्रिय हुन्छ जसले गर्दा डन्डिफोर आउँछ ।" वीर अस्पतालकी छाला तथा यौन रोग विशेषज्ञ प्रा डा अनुपमा कार्की जाडो मौसममा बहिरङ्ग सेवा (ओपिडी) मा धेरैजसो छाला सुक्खा हुने, एलर्जी हुने, छाला खस्रो हुने, फुट्नेलगायत समस्या लिएर आउने गरेको बताउनुहुन्छ । जाडोमा सरसफाइको कमीले छालाको समस्या बढ्ने उहाँको भनाइ छ । "प्रायः मान्छे जाडोमा कम नुहाउँछन् । लुगा फेर्न अल्छी गर्छन् । समय-समयमा सिरक, डसना घाममा सुकाउँदैनन् । त्यसैले लुतोको समस्या लिएर आउने बिरामी पनि छन्", उहाँ भन्नुहुन्छ । जाडोमा छालाको बाथको समस्याका साथै कसैलाई घामको एलर्जी (फोटो डर्माटाइटिस) हुन सक्ने डा कार्कीले बताउनुभयो । "जाडोमा कपडाले नढाकिएको छालाको भाग हात, खुट्टा, नाकको टुप्पा, कानको छालामा रगत प्रवाह गर्ने नसा खुम्चिएर दुख्ने, सुन्निने समस्यासमेत आउनसक्छ । जाडोमा 'रोजासिया' ले रातोपना, फोका आउने, चिलाउने, पोल्ने समस्या पनि देखिन सक्छन्", उहाँले भन्नुभयो । जाडोमा छालाको स्याहार गर्न बेला-बेलामा मोस्चराइजर लगाउनु नै सबैभन्दा राम्रो उपाय रहेको डा पुडासैनीको सुझाव छ । "चिसोमा जाँदा सकेसम्म अनुहार छोप्ने, बाइक चलाउँदा भाइजर लगाउने, मास्क, क्याप, पञ्जा, मोजा लगाउने गर्नुपर्छ । नुहाउँदा मनतातो पानीमा नुहाउनुपर्छ । नुहाइसकेपछि अलि-अलि भिजेको छालामा नरिवलको तेल, जैतुनको तेल वा भ्यासलिन जे उपलब्ध छ, त्यो लगाउनु उपयुक्त हुन्छ । नियमित व्यायाम तथा पौष्टिक आहारले पनि छाला स्वस्थ्य राख्न मद्दत पुऱ्याउँछ", उहाँले सुझाउनुभयो । डा कार्की छाला राम्रो बनाउन पानी तथा फलफूल प्रशस्त खानुपर्ने बताउनुहुन्छ । अधिकांशले जाडोमा पानी कम पिउनाले पछि छाला सुक्खा हुने र खुम्चिने हुन सक्ने बताउँदै उहाँ भन्नुहुन्छ, "पानी प्रशस्त पिउनुपर्छ । कडा खालको सुक्खा बनाउने फेसवास, ह्यान्ड वास प्रयोग गर्नुहुँदैन । सनब्लक क्रिम तथा मोस्चराइजर अनिवार्य लगाउने गर्नुपर्छ । धेरै तातोपानीको प्रयोग गर्नुहुँदैन, यसले थप छाला सुक्खा बनाउँछ । छालासम्बन्धी केही समस्या आए छालारोग विशेषज्ञसँग सल्लाह लिनुपर्छ ।"


**गण्डकी प्रदेश सरकार**

**स्वास्थ्य मन्त्रालय**

**स्वास्थ्य निर्देशनालय**

## मातृशिशु मितेरी अस्पताल, पोखरा

## बोलपत्र आव्हान सम्बन्धी सूचना

आ.व. ०८१/८२ को लागि यस अस्पतालको प्रयोगशालामा आवश्यक पर्ने रसायन तथा रियजेन्ट र सर्जिकल सामाग्रीहरु विद्युतीय माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक योग्य फर्म/संस्थाबाट बोलपत्र पेश गर्न सबैको जानकारीका लागि मिति २०८१/०९/०७ गते प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र आह्वान सम्बन्धी विस्तृत जानकारीका लागि अस्पतालको वेभसाईट https://msmhospital.gov.np तथा e–GP पोर्टलबाट प्राप्त गर्न सकिने छ ।

**कार्यालय प्रमुख**

# बिश्वकर्मा समाज पर्वत स्याङ्जा कास्कीको बैठक

पोखरापत्र संवाददाता
पोखरा ६ पुस

बिश्वकर्मा समाज पर्वत स्याङ्जा कास्कीको बृहद बैठक समाजका अध्यक्ष चन्द्र किशोर गौतमको अध्यक्षतामा बस्यो ।

बैठकका समाजका कोषाध्यक्ष धनबहादुर सुनारले आर्थिक वर्ष २०८०/२०८१ को प्रस्तुत गर्नुका साथै तिहारमा देउसी भैलो कार्यक्रमबाट उठेको ३,५३,६४० रुपैया जानकारी गराउनुभयो ।

समाजका अति बिपन्न गरिव तथा जेहेन्दार छात्रवृत्तिको लागि शिक्षा बिभागका प्रमुख प्राध्यपक कृष्ण बिश्वकर्माको सुझावमा न्युनतम ३,००,००० रुपैया अक्षयकोष स्थापना गर्ने निर्णय गरियो। सोहि कोषका लागि समाजका सल्लाहकार भविन्द्र बिश्वकर्माले आमा तुलसी बिश्वकर्माको स्मृतिमा १,००,००० रुपैया प्रदान गर्ने बताउनुभयो भने कतारमा कार्यरत सागर रसाइली सुनारले ५१,००० रुपैया प्रदान गर्नुभयो । यसैगरी पर्वत आर्थर



घर भई पोखरा १५ बस्ने लाल बहादुर बिश्वकर्मा ईन्टरनेटको काा गर्दै गर्दा बिद्धुत पोलमा करेन्ट लागि घाइते भएकोमा उपाचार गर्नका लागि १०,००० रुपैया सहयोग गरियो। समाजका महिला समितिका दिदिबहिनीहरु लाई सबल सक्षम सृजनशिल बनाउन उद्धोषक तालिम, मादल बजाउने र नृत्य गर्न प्रशिक्षण दिने निर्णय गरियो । समाजका स्वास्थ्य बिभाग प्रमुख डा. दिनेश बिकले सुझाव सल्लाह दिदै रक्तदान कार्यक्रम निरन्तरता दिन फागुन ३ गते रक्तदान गर्ने र उक्त कार्यक्रममा पोखरामा सबैभन्दा बढी रक्दान गर्ने रक्तदातालाई सम्मान गरिने कुरा बताउनुभयो । समाजको कार्यसमितिको केही रिक्त स्थानमा समाजका आजीवन सदस्यहरु हरि सुनार बराईलीलाई उपाध्यक्ष भीमबहादुर थापा रसाइलीलाई सचिव र कुमार बहादुर बिकलाई सह-सचिवको जिम्मेवार दिईयो भने भविन्द्र बिश्वकर्मालाई शिक्षा बिभागको सदस्यमा चयन गरियो । समाजका कृयाकलाप उदाहरणीय भएको भन्दै कर्णबहादुर सुनार थापा लेखनाथ र धनमाया बिश्वकर्मा पोखरा १० समाजको आजीवन सदस्य लिनुभएको थियो। समाजका अध्यक्ष चन्द्र किशोर गौतमले समाज बिश्वकर्मा समुदायको हितमा काम गर्नका लागि स्थापना भएको र निरन्तर कृयाशिल लागिरहेको बताउनुभयो । कार्यक्रममा महिला समितिका अध्यक्ष लक्ष्मी बिश्वकर्मा, निवर्तमान अध्यक्ष भिममाया गौतम, धनमाया बिश्वकर्मा, बिना बिश्वकर्मा भबिन्द्र बिश्वकर्मा लगायतले बोल्नु भएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै उपाध्यक्ष लक्ष्मी थापा रसाइलीले समाज निरन्तर अगाडि बढिरहेको छ नयाँ सदस्य बिस्तार भईरहेको छ। बिश्वकर्मा समुदायको दरिलो संगठन बन्दै गएको छ र अझ धेरैलाई आबद्ध हुन आग्रह गर्नुभयो। कार्यक्रम संचालन भीमबहादुर थापा रसाइलीले गर्नुभएको थियो भने उपाध्यक्ष श्याम रसाइलीले सबै सबैलाई धन्यवाद दिई कार्यक्रम समापन गर्नुभएको थियो ।

# बागलुङमा बने १४ हजार आठ सय 'एक घर, एक धारा'

पोखरापत्र संवाददाता
बागलुङ ६ पुस

गण्डकी प्रदेश सरकारले 'एक घर, एक धारा'को नीति लिएको छ।

प्रदेश सरकारले लिएको नीति कार्यान्वयन हुँदै गएपछि बागलुङमा त्यसले सार्थकता पाउन थालेको छ । बागलुङमा ९५ प्रतिशत नागरिकसम्म आधारभूत खानेपानीको पहुँच पुगेको छ। एउटा धाराबाट करिब दश परिवारले पानी उपभोग गर्नुपरे पनि कुवा र पोखरीको पानी पिउनु परेको छैन । आधा दशक अगाडिसम्म दुर्गम गाउँका नागरिकले कुवाकै पानी पिउने गर्थे ।

पछिल्लो समय सरकारले खानेपानीको क्षेत्रमा लगानी बढाउँदै गएपछि अहिले कुवा र पोखरीको पानी खानुपर्ने बाध्यता हटेको हो। प्रदेश सरकारले बर्सेनि खानेपानीका लागि बागलुङमा करोडौँ लगानी गर्दै आएको छ । गण्डकी प्रदेशबाट चालु आर्थिक वर्षमा जिल्लाभरका आयोजनाका लागि रु १८ करोड ७७ लाख बजेट विनियोजन गरेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङका प्रमुख किरण पौडेलले जानकारी दिनुभयो । यस वर्ष जिल्लाका १० पालिकामा एक सय ३४ योजना परेका छन् ।

प्रमुख पौडेलका अनुसार बागलुङ नगरपालिकामा २७, गलकोट नगरपालिकामा १४, जैमिनी नगरपालिकामा १०, ढोरपाटन नगरपालिकामा २०, निसीखोला गाउँपालिकामा आठ, तमानखोलामा छ, काठेखोलामा १४, ताराखोलामा १०, बडिगाड १६ र बरेङ गाउँपालिकामा नौ वटा योजना परेका छन् । जिल्ला भर १४ हजार आठ सय वटा 'एक घर एक धारा' निर्माण भइसकेको उहाँको भनाइ छ । उक्त धाराबाट ६४ हजार चार सय १० जना नागरिक लाभान्वित भएको प्रमुख पौडेल बताउनुहुन्छ ।

पौडेलले भन्नुभयो, "हरेक वर्ष नयाँ धारा थपिँदै गएका छन्, केही ठाउँमा अझै पनि खानेपानीको सहज पहुँच पुगेको छैन, प्रदेशबाट आएका आयोजनालाई हामीहरूले मेसिनो गरी कार्यान्वयन गरिरहेका छौँ, सीमित बजेटका कारण कयौँ आयोजना समयममा सम्पन्न हुन सकेका छैनन्, विगतको तुलनामा पछिल्लो समय खानेपानीको पहुँच धेरै ठाउँमा पुग्दै गएको छ।"

निसीखोला गाउँपालिका-२ अर्नाकोटका स्थानीय कली विकले भने लामो समयदेखि खानेपानीको समस्या हुँदा राज्यको ध्यान पुग्न नसकेको गुनासो गर्नुभयो । गाउँ नजिकका मुहान नहुँदा खानेपानी समस्या पर्दै गएको उहाँको भनाइ छ । टाढाबाट ल्याउनका लागि ठूलो बजेट लाग्ने भन्दै त्यसका लागि तीनै तहका सरकारले चासो नदिएको विकले बताउनुभयो ।

"अरु ठाउँमा खानेपानीको समस्या समाधान भइसकेका छन्, यो अर्नाकोट क्षेत्रमा धेरै वर्ष भयो पानीको हाहाकार हुन थालेको तर अहिलेसम्म समाधान हुन सकेन," विकले भन्नुभयो, "हाम्रो ठूलो नेतासम्म पहुँच नपुगेर होकी, राज्यले हामीहरूलाई उपेक्षामा पारेर हो, यस क्षेत्रका जनतालाई सधैँ पानीकै पिरलो छ, सुगम ठाउँहरूमा एक घर एक धारा बनिसकेका छन् ।"

# माथिल्लो म्याग्दी निर्माण स्थल पहुँचमार्गले जोडियो

रासस
म्याग्दी, ६ पुस

माथिल्लो म्याग्दी जलविद्युत् आयोजना निर्माण स्थल पहुँचमार्गले जोडिएको छ । ३७ मेगावाट क्षमताको सो आयोजनाको हाइड्रो इम्पायर प्रालिको प्रवर्द्धक रहेको छ। बाँध, विद्युत्गृह र सुरुङको अडिट निर्माण स्थल जोड्ने सडक निर्माण भएको हो।

मालिका गाउँपालिका-७ बिमको भारबाङदेखि कल्लेनी, छहरी, खारा, खाम्ला, नाउरा हुँदै बगर गाउँ नजिकैसम्म करिब २१ किलोमिटर पहुँच निर्माण गर्न सो क्षेत्रमा निर्माणका क्रममा रहेका माथिल्लो म्याग्दी, अपर म्याग्दी १, म्याग्दीखोला जलविद्युत आयोजनाले साझेदारी गरेका छन् । माथिल्लो म्याग्दी जलविद्युत् आयोजनाका प्रबन्ध निर्देशक जीतबहादुर घर्तीले पहुँचमार्गमा पर्ने म्याग्दी नदीमाथि ५० र ३० मेट्रिकटन क्षमताको दुई वटा बेलिब्रिज जडान भइसकेको जानकारी दिनुभयो । पहुँचमार्ग, आवास र सैनिक क्याम्पको भवन, जेनेरेशन लाइन निर्माण सकिएको आयोजनाको सुरुङ, बाँध र विद्युत्गृह निर्माणको तयारी गरेको उहाँले बताउनुभयो। निर्देशक घर्तीका अनुसार अबको दुई वर्ष छ महिनाभित्र विद्युत् उत्पादन गर्ने लक्ष्यसहित सिभिल ठेकेदार परिचालित भइसकेको छ। धवलागिरि गाउँपालिका-४ मा पर्ने सिन्कोस र म्याग्दी खोलाको दोभानभन्दा एक सय ३० मिटर तल म्याग्दी खोलाको दायाँ किनारमा बाँध, म्याग्दी खोलाको बाँया किनारमा भूमिगत बालुवा थिग्रयाउने पोखरी, हेडरेस सुरुङ बन्ने आयोजनाको विद्युत्गृह म्याग्दी खोला र मुदी खोलाभन्दा एक किलोमिटर माथि प्रस्ताव गरिएको छ । तीन किलोमिटर पाँच सय ५३ दशमलव ३३ मिटर लामो सुरुङबाट ल्याइने पानी तीन सय दशमलव ८८ मिटर अग्लो हेडबाट विद्युतगृहमा खसालेर विद्युत् उत्पादन गरिने भएको छ । आउटलेटदेखि विद्युत्गृहसम्म सात सय ९७ दशमलव ९६ मिटर लामो पेनस्टक पाइप जडान गरिनेछ।

आयोजनाका लागि आवश्यक एक दशमलव ६९ हेक्टर निजी जग्गा खरिद गरिएको र तीन दशमलव ६९ हेक्टर सरकारी जग्गा प्रयोग गरेबापत शोधभर्नाको प्रक्रिया अगाडि बढाएको छ। आयोजनाका लागि आवश्यक विष्फोटक पदार्थ खरिदका लागि सम्बन्धित निकायबाट स्वीकृति लिई प्रक्रिया अगाडि बढाइएको प्रबन्ध निर्देशक घर्तीले बताउनुभयो । माथिल्लो म्याग्दी निर्माणका लागि सिद्धार्थ बैंक, नेपाल एसबिआइ, सिटिजन्स बैंक, एभरेष्ट बैंक र नवील बैंकले रु पाँच अर्ब ३४ करोड ८८ लाख ९८ हजार लगानी गर्ने सम्झौता भएको छ । बैंकको ब्याजबाहेक आयोजनाको कूल लागत रु छ अर्ब ६९ करोड ९४ लाख ९५ हजार अनुमान गरिएको छ । ब्याजसहित रु सात अर्ब ६३ करोड २९ लाख १४ हजार लागत अनुमान गरिएको आयोजनाकाले १२ वर्षको अवधिमा ऋण तिरिसक्ने योजना बनाएको छ।

सत्तरी प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी लगानी रहने आयोजना पूरा भएपछि दुई सय १५ दशमलव सात सय १४ गिगावाट प्रतिघण्टा विद्युत् उत्पादन हुनेछ । उत्पादित विद्युत् विद्युतगृहदेखि १० दशमलव दुई किलोमिटर दूरीको एक सय ३२ केभी सिङ्गल सर्किट प्रसारण लाइनमार्फत डाँडाखेत सबस्टेसनमा जोडिनेछ।

धौलागिरि हिमालको फेदी भएर बग्ने म्याग्दी नदीबाट विद्युत् उत्पादनका लागि विद्युत् विकास विभागबाट थप चार वटा आयोजनाले निर्माणको अनुमति पाएका छन् । ५३.५ मेगावाट क्षमताको अपर म्याग्दी पहिलोको निर्माण सुरु भएको छ । १४.७० मेगावाट क्षमताको मुदीखोला र ५७.३० मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत आयोजना पहुँचमार्ग निर्माणको चरणमा छन् । धौलागिरि कालिका हाइड्रो लिमिटेडले मालिका गाउँपालिकामा २५ मेगावाट क्षमताको दरबाङ म्याग्दीखोला जलविद्युत् आयोजनाको पाँच वर्षअघि शिलान्यास गरे पनि गति लिन सकेको छैन।

# दियालो कृषि सहकारीको वार्षिक साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा ६ पुस

दियालो कृषि सहकारी संस्था लिमिटेड पोखरा-२५ हेमजाको १३ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ।

कार्यक्रममा संस्थाका सचिव वेदराज त्रिपाठी, कोषाध्यक्ष राजेश त्रिपाठी, ऋण उपसमिति संयोजक कुल प्रसाद त्रिपाठी, लेखा समिति संयोजक प्रकाशचन्द्र त्रिपाठीलेले प्रस्तुत गरेको प्रतिवेदन सभाले पारित गरेको थियो । संस्थाले शेयर सदस्यहरुलाई व्यवयसायिक बनाउने निति अनुसार ९ प्रतिशत व्याजदरमा कृषि तथा व्यवसाय कर्जा प्रदान गर्ने अध्यक्ष मोहन प्रसाद त्रिपाठीले जानकारी दिनुभयो । 'विशेष गरि संस्थाका शेयर सदस्यलाई नै लक्षित गरेर सञ्चालक समितिले कम व्याजदरमा कर्जा प्रवाह गर्ने निर्णय गरेको हो' त्रिपाठीले



भन्नुभयो -'कृषि पेशलाई व्यवसायिक बनाउनका लागि संस्थाको शेयर सदस्यहरुले यो सुविधा लिनुहोस् ।' शेयर सदस्यलाई वार्षिक रुपमा बोनस मात्र नभई अन्य सेवाहरुबाट सुविधा दिने लक्ष्य संस्थाको रहेको उहाँको भनाई थियो । उहाँले आफ्नो कारोवार आफ्नै सहकारी मार्फत गर्न सम्पूर्ण शेयर सदस्यहलाई आग्रह गर्नुभयो । कार्यक्रममा उत्कृष्ट बचत कर्ता ओमकुमारी बास्तोला, असल ऋणि तुलदेवी रोकालाई सम्मान गरिएको थियो । उहाँहरुलाई संस्थाका अध्यक्ष मोहनप्रसाद त्रिपाठी, सल्लाहकार होतराज त्रिपाठी र सल्लाहकार प्रकाशचन्द्र सापकोटाले अविर खादा र मायाको चिनो सहित सम्मान गर्नुभएको थियो । त्यसैगरी संस्थाकी कर्मचारी प्रभा पौडेललाई विदाई गरिएको थियो । दियालो कृषि सहकारी संस्थाका अध्यक्ष मोहन प्रसाद त्रिपाठीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष कुलप्रसाद त्रिपाठीले स्वागत, सदस्य मनिषा पोखेलले सहकारीका सात सिद्धान्त र सचिव वेदराज त्रिपाठीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# सिक्लेस-कपुचे-कोरी-क्होलासौँथर-कर्पुडाँडा-याङ्जाकोट पदमार्ग प्रवर्द्धन गरिँदै

रासस
गण्डकी, ६ पुस

गुरुङ पर्यटन व्यवसायी सङ्घले आजदेखि गुरुङ सम्पदा पदमार्गअन्तर्गत पोखराबाट सिक्लेस-कपुचे-क्होलासौँथर-कर्पुडाँडा-याङ्जाकोट हुँदै पुनःपोखरा जोडिने गरी उक्त खण्डको पर्यटन प्रवर्द्धन गर्ने भएको छ।

जथाभावी बाटो खन्ने नाममा विभिन्न पदमार्ग छोटिँदै गएका अवस्थामा यसअघि खोज एवं अनुसन्धान गरिएको गुरुङ सम्पदा पदमार्गअन्तर्गत यस खण्डमा आजदेखि पुस १३ गतेसम्म प्रवर्द्धन गर्न लागिएको गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशका अध्यक्ष किसमकुमारी गुरुङले जानकारी दिनुभयो । "यस आर्थिक वर्षमा विभिन्न तीन चरणमा पदमार्गअन्तर्गका तीन वटा रुटको प्रवर्द्धन गर्ने योजनाअन्तर्गत पहिलो चरणमा यस खण्डको प्रवर्द्धन गर्न लागेका हौँ", उहाँले भन्नुभयो, "दोस्रो चरणमा क्होलासौँथरबाट घलेगाउँ-घनपोखरा-भुजुङ-पसगाउँ-ताप्रो हुँदै क्होलासौँथरबाट सिक्लेस हुँदै पोखरा र तेस्रो चरणमा मर्स्याङ्दी गाउँपालिकाबाटघनपोखरा-मैदु-थुर्जु-कोप्लेक खर्क-सिउरुङ-हरसिंङडाँडा हुँदै पोखरासम्मको पदमार्ग प्रवर्द्धन गरिने योजना छ।"

सडक सञ्जालको विस्तारसँगै पर्यटकीय पदमार्ग हराउने र छोटिनेक्रम बढिरहेका अवस्थामा गुरुङ पर्यटन व्यवसायी सङ्घ, गण्डकी प्रदेशको संयोजन एवं नेपाल पर्यटन बोर्डको प्रवर्द्धन र कास्कीको मादी गाउँपालिका, लमजुङको क्होलासोथर र मर्स्याङ्दी गाउँपालिकाका साथै मनाङको चामे गाउँपालिकाको सहयोगमा यस पदमार्गको स्थलगत अध्ययन अनुसन्धान पछि पदमार्गको औपचारिक रुपमा घोषणा गरिएको जनाउँदै उहाँले अब यस मार्गलाई प्रवर्द्धन गर्न थालिएको जानकारी दिनुभयो । प्रकृति, संस्कृति र इतिहासको सङ्गमका रुपमा रहेको यो पदमार्गका ऐतिहासिक तथा पुरातात्विक महत्वलाई असर नपर्ने गरी प्राकृतिक सुन्दरता र जैविक विविधतालाई हानि नपुग्ने गरी यस पटकीय पदमार्गको विकास र प्रवर्द्धन गर्नुपर्ने सङ्घले जोड दिएको उहाँले बताउनुभयो। गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष एवं कार्यक्रम संयोजक बोबरजङ्ग गुरुङले आजदेखि सुरु हुने प्रवर्द्धनात्मक कार्यक्रममा पर्यटन व्यवसायी, पथप्रदर्शक, सञ्चारकर्मीसहित ४५ जना सहभागी बन्दैछन् । कार्यक्रमका लागि नेपाल पर्यटन बोर्ड र मादी गाउँपालिकाले रु तीन/तीन लाख र गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालय र गुरुङ पर्यटन व्यवसायी सङ्घले रु दुई/दुई लाख विनियोजन गरेको उहाँले जानकारी दिनुभयो। यसै पदमार्गको बाटो भएर गण्डकी प्रदेशको एक प्रमुख आदिवासी समुदाय तमु (गुरुङ) का पुर्खाहरू अहिलेका बस्तीमा फैलिएको बताउँदै उहाँले भन्नुभयो, "गुरुङ समुदायको प्ये ल्हु ताँ मा मात्रै नभई क्होलासौँथरमा विभिन्न चरणमा स्वदेशी, विदेशी विशेषज्ञहरूले गरेको पुरातात्विक अध्ययनले पनि यहाँको ऐतिहासिकता पुष्टि गरेको छ।"

क्होलासौँथरको पुरातात्विक महत्वका भग्नावशेषहरुको संरक्षण गरेर पर्यटकीय क्षेत्रका रुपमा विकास गर्नसकेमा स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षण गर्न सकिने बताउँदै उहाँले यस पदमार्गअन्तर्गत कास्की र लमजुङका गाउँहरूमा अझै पनि मनाङ भोटको नुन बोक्दाका कथा व्यथा सुन्न पाइने जानकारी दिनुभयो। खोज तथा अनुसन्धानका क्रममा एउटा मूल पदमार्गसहित एक दर्जनभन्दा बढी आवश्यकता र चाहनाअनुसार सञ्चालनमा ल्याउन सकिने सहायक पदमार्ग पहिचान गरिएको बताउँदै उहाँले यी पदमार्गहरूमा पर्यटकले पाँचदेखि १० दिनसम्म बिताउनसक्ने बताउनुभयो। प्रशस्त खोला तथा मनोरम पोखरीसँगै ठूलाठूला खर्क र पाटनहरू रहेको यस पदमार्गबाट अन्नपूर्ण, माछापुच्छ्रे, लमजुङ, हिमलुङ, गणेश, हिमालचुली, मनास्लुजस्ता हिमशृङ्खलालाई नजिकैबाट अवलोकन गर्न सकिनु महत्वपूर्ण विशिष्टता हो।

सिक्लेसबाट कपुचे, कोरी हुँदै क्होलासौँथरसम्म पुग्ने यो पदमार्ग आफैँमा धेरै सम्भावना बोकेको मादी गाउँपालिका वडा नं १ का वडाध्यक्ष देवीजंग गुरुङले बताउनुभयो । पदमार्गअन्तर्गतको कपुचे हिमताल विश्वकै कम उचाइको हिमताल रहेको जनाउँदै उहाँले यसको उचाई दुई हजार चार सय ५० मिटर रहेको जानकारी दिनुभयो । पदमार्गअन्तर्गतकै कोरी अक्षांश र देशान्तर अनुसार नेपालको् मध्यविन्दुका रुपमा रहेको उल्लेख गर्दै उहाँले क्होलासौँथर गुरुङ समूदायको महत्वपूर्ण पैत्रिक थलोका रुपमा प्रसिद्ध रहेको बताउनुभयो।

# त्रिवेणी इन्टरनेशनल कलेज विद्यार्थी कल्याणकारी समितिमा सुदिन

पोखरापत्र संवाददाता
पोखरा ६ पुस

त्रिवेणी इन्टरनेशनल कलेज पोखरा २७ को विद्यार्थी कल्याणकारी समितिको अध्यक्षमा सुदिन मोहन भट्टराई चयन भएका छन् ।

समितिको शुक्रबार सम्पन्न साधारण सभा समितिको उपाध्यक्षमा सुजन ओझा, सचिवमा कविता भट्टराई, सहसचिवमा विपना गान्धारी र कोषाध्यक्षमा अनिषा तिवारी चयन भएका छन् । यसैगरी सदस्यहरुमा दुर्गा बानिया, समिक्षा ण्काल, स्वछन्द आत्रेय, प्रताप बि.क, लक्ष्मी सुनार, रक्ष्मी अधिकारी, सागर तिवारी, विपना पौडेल र भावुक पौडेल चयन भएका छन् ।

त्यसैगरी समिक्षा थापा, मञ्जुखत्री र हेमा गौतम रहेको सांस्कृतिक उपसमिति, नम्रता सुवेदी, शोभा पौडेल र अर्पना वाग्ले सदस्य रहेको शिक्षा उपसमितिको समेत गठन गरेको छ । यसअघि साधारण सभाको उद्घाटन् गर्दै कलेज व्यवस्थापन




समितिका अध्यक्ष सुमन भट्टराईले स्नातक र स्नाकोत्तरका कक्षाहरुमा विद्यार्थीलाई टिकाउने चुनौती रहेको बताए । अध्यक्ष भट्टराईले बैदेशिक अध्ययनको लहरले विश्वविद्यालयका स्नातक देखीका कार्यक्रमहरु प्रभावित हुने अवस्था रहेकाले त्यसलाई रोक्न समयमै सोच्नु पर्नेमा जोड दिए।

अध्यक्ष भट्टराईले विद्यार्थी कल्याणकारी समिति र कलेज प्रशासनका विचमा नङ र मासुको जस्तै सम्वन्ध हुनु पर्नेमा जोड दिए । कल्याणकारी समितिका अध्यक्ष किशोर परियारको अध्यक्षतामा भएको कार्यक्रममा क्याम्पस प्रमुख यदुराज आचार्य, कलेज संचालक समितिका सदस्य बलराम ढकाल, सहायक क्याम्पस प्रमुख डिल्लीराम पौडेल, विद्यार्थी कल्याणकारी समितिका संस्थापक अध्यक्ष कमल गौतम, पूर्व विद्यार्थी एशोसियशनका अध्यक्ष रामकृष्ण लामिछाने लगायतले मन्तव्य व्यक्त गरेका थिए । समितिका उपाध्यक्ष सिम्रन रेग्मी लगायतले स्वागत र सचिव कविता तिमिल्सिनाले संचालन गरेका थिए। प्राध्यापक शिवचन्द्र घिमिरे संयोजक र उपप्राध्यापक जीवन भण्डारी र सत्यराज कंडेल सदस्य रहेको निर्वाचन समितिले निर्वाचन सम्पन्न गरेको थियो।